## मिति २०८१/९/४ गतेको नगरकार्यपालिका बैठकका प्रस्तावहरु

१. रोजगार कार्यक्रम सम्बन्धमा ।
२. राष्ट्रपति महिला उत्थान कार्यक्रम सम्बन्धमा ।
३. राजश्व छुट सम्बन्धमा ।
४. शितगंगा नगरपालिकाको नदीजन्य पदार्थ सम्बन्धि कार्यविधि २०७६ संसोधन सम्बन्धमा ।
५. सहजताको आधारमा ठेक्का तोड्ने सम्बन्धमा ।
६. आर्थिक सहायता सम्बन्धमा ।
७. मन्त्रालयको सुझाव कार्यान्वयन पत्र सम्बन्धमा ।
८. श्रोत सुनिश्चितता सम्बन्धमा ।
९. विविध सम्बन्धमा ।

### निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा चालु आ.व.को लागि प्रधानमन्त्री रोजगार तर्फ र युवा रोजगारी तर्फ बजेट विनियोजन भई आएकोमा इमआएस सिस्टममा सूचिकृत मध्येबाट प्राथमिकताका आधारमा ७६ जना बेरोजगार व्यक्तिहरुलाई बढीमा १०० दिन रोजगार दिन सकिने भएकोले निम्न वडामा वडा स्तरमा प्राथमिकीकरणको आधारमा तपशिल बमोजिमको संख्यामा वेरोजगार व्यक्तिहरुलाई १०० दिन नगरसभाबाट स्वीकृत तथा कार्यपालिका बैठकबाट छनौट भएका योजनाहरुमा काममा लगाई रोजगारी प्रदान गर्ने साथै वार्षिक स्वीकृत कार्यक्रम अनुसार सडक मर्मत र डकर्मी सम्बन्धि सिपमुलक तालिम समेत संचालन गर्ने निर्णय गरियो ।

#### तपशिल

वडा नं. १ मा ५ जना वडा नं. २ मा ५ जना वडा नं. ३ मा ५ जना वडा नं. ४ मा ५ जना
वडा नं. ५ मा ५ जना वडा नं. ६ मा ५ जना वडा नं. ७ मा ५ जना वडा नं. ८ मा ५ जना
वडा नं. ९ मा ९ जना वडा नं. १० मा ५ जना वडा नं. ११ मा ७ जना वडा नं. १२ मा ५ जना
वडा नं. १३ मा ५ जना वडा नं. १४ मा ५ जना गरी जम्मा ७६ जना

#### नगरसभाबाट स्वीकृत बाहेक निम्न योजनाहरुमा काम लगाउने

१. विभिन्न मोटरबाटोहरुको नाली कटिङ्ग तथा स्तरोन्नती शिनपा १
२. विभिन्न वस्तीहरुमा गोरेटो बाटो निर्माण तथा स्तरोन्नती शिनपा १
३. लाहुरे बजार देखि फलाचौर पिङ्ग सम्म बाटो स्तरोन्नती शिनपा २
४. गोपाल क्षेत्रीको घर देखि तल्ला पधेरा अधेरी खोला सम्म बाटो स्तरोन्नती शिनपा २
५. नयाँगाउ देखि दमै टोल र मुलावेरेको घर देखि भोलाको घर हुदै अमलीवास कुलोको बाध नेर बाटो स्तरोन्नती शिनपा २
६. बडाचौर देखि गैरीखेत सम्म झोलुङ्गे सम्सानघाट सम्म बाटो स्तरोन्नती शिनपा २
७ बडाचौर झिर्राको मोटरबाटोमा पक्की नाली सोहोर्ने काम शिनपा २
८ थाकलपानी खन्नेपानी गोरेटोबाटो मर्मत शिनपा ७

प्रमाणित प्रतिलिपि

९ जुवाकोट बुटेनी गोरेटो बाटो मर्मत शिनपा ७

१०.कमलेरी जुवाकोट स्वामिनेटा गो.वा. मर्मत शिपन ७

११ पाकुरी वरक्षेत्र चौपारी निर्माण शिनपा ९

१२ तल्ला सिद्धारा चौपारी निर्माण शिनपा ९

१३ लामिदमार चौपारी निर्माण शिनपा ९

१४ करमगैरा वडा कार्यालय कम्पाउण्ड निर्माण शिनपा ९

१५ लामिदमार स्वास्थ्य केन्द्र कम्पाउण्ड निर्मा०ा शिनपा ९

१६ बसेनी खेल मैदान निर्माण शिनपा ९

१७ घसेनी देखि कोठियामैदान मो.वा. मर्मत तथा नाली कटान शिनपा १२

१८ हिले खोला देखि बान्द्रे जाने मो.वा. मर्मत तथा नाली कटान शिनपा १२

१९ कोन्द्रे जलुके टर्रे सिंचाई योजना मर्मत शिनपा १२

२० खुम्चीकोट प्रतिक्षालय मर्मत संभार शिनपा १२

२१ हडाका कुडापानी देखि मसानघाट जाने बाटो मर्मत संभार शिनपा १२

२२ खल्याखर्क खुम्चीकोट गोरेटो बाटो मर्मत शिनपा १२

२३ देउराली देखि सितखोला जाने गोरेटोबाटो मर्मत शिनपा १२

२४ लाहापे मा.वि. अगाडीको चौपारी मर्मत शिनपा ८

२५ लाहापे स्वास्थ्य चौकी अगाडीको चौपारी मर्मत शिनपा ८

२६. मुलावारी टोड्की त्रिसुलगाडे हुदै साउनेथुम पद मार्ग निर्माण शिनपा २

२६ स्वास्थ्य भवन, वडा परिसर, वडा सभाहल निर्माण, करेचुली मो.वा. शिनपा १४

२७ शिनपा ४ भित्रका मो.वा. नाली तथा पदमार्ग झाडी कटिङ्ग मर्मत सुधार

२८ शिनपा ४ भित्रका सार्वजनिक चौपारी निर्माण तथा मर्मत

२९ नमुना कृषि फर्म, वडा भित्रका मो.वा मा कच्ची नाली निर्माण शिनपा ३

३० बोहखर छाप सिमलपानी स्वास्थ्य चौकी हुदै भाटगाउ मो.वा. नाली व्यवस्थापन तथा झाडी सफाई कार्यक्रम शिनपा १३

३१ विभिन्न मो.वा. नाली व्यवस्थापन तथा मन्दिर मर्मत शिनपा १३

३२ पाहारे देखि डडुवा गो.वा. निर्माण शिनपा १३

<u>निर्णय नं. २</u>

प्रस्ताव नं. २ माथि छलफल गर्दा आ.व. २०८१/०८२ को संघीय सर्शत अनुदान अर्न्तगत राष्ट्रपति महिला सशक्तिकरण कार्यक्रम तर्फ विनियोजित रकम रु ८,९०,०००।- राष्ट्रपति महिला उत्थान जिविकोपार्जन सुधार कार्यक्रम संचालन मापदण्ड २०७७ अनुसार यस नगरपालिकाको १४ वटै वडामा भैसी पालन (पाडी पालन) कार्यक्रम संचालन गर्ने गरी जम्मा २५ जनालाई सहभागि गराई मापदण्ड बमोजिम कार्यक्रम संचालन गर्न सहयोगि संस्था छनोटको लागि प्रस्ताव आब्हान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस नगरपालिकाको वडा नं. ८ मा रहेको ऐरावती पोल्ट्री ब्रिडिङ्ग फर्म प्रा.ली.ले यस प्रा.लि.लाई थप जग्गा आवश्यक परी फर्मसँगै जोडिएको जग्गा खरिद गर्नु पर्ने भएकोले लुम्बिनी प्रदेश आर्थिक विधेयक बमोजिम कृषि क्षेत्रमा पाउने राजश्व छुटको लागि नगर कार्यपालिकाको निर्णय र सिफारिस आवश्यक पर्ने भएकोले सोही बमोजिम सिफारिस पाउँ भनि माग गरी निवेदन दिएकाले प्रदेश कानुन बमोजिम कृषि फर्मको लागि जग्गा पास गर्दा पाउने नियमानुसारको राजश्व छुटका लागि जिल्ला मालपोत कार्यालय अर्घाखाँचीलाई सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा शितगंगा नगरपालिका नदीजन्य पदार्थ तथा अन्य पदार्थ उत्खनन संकलन, ओसारपसार तथा विक्री वितरण र नदीजन्य पदार्थमा आधारित उद्योग व्यवस्थापन सम्बन्धी कार्यविधि २०७६ को बुँदा (७) को (१) को (ग) लाई संसोधन गर्नु पर्ने भएकोले विधायन समितिबाट संसोधन पेश भएको "नदीजन्य पदार्थ उत्खनन, संकलन गर्दा कार्यालयबाट खटिएका प्राविधिक कर्मचारी समेतको प्रत्यक्ष निर्देशनमा रेखाङ्कन गरिएको घाट क्षेत्र भित्रको सीमाबाट हाते औजार र श्रममूलक प्रविधिको प्रयोग गरी निकाल्न पर्नेछ । तर श्रममुलक प्रविधिको प्रयोगबाट मात्र उत्खनन् गर्न नसकिने अवस्था देखिएमा आवश्यकता र औचित्यता हेरी सम्झौता अवधि भित्र बढीमा १५ दिन मेशिन प्रयोग गर्न नगर प्रमुखले लिखित अनुमती दिन सक्ने छ । मेशिन प्रयोगको अनुमती पाएको अवधी पश्चात ठेक्का अवधी बाँकी भएता पनि उत्खनन् कार्य समाप्त भएको मानिने छ" भनि संसोधन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस शितगंगा नगरपालिकाको आ.व. २०८०/०८१ को वार्षिक कार्यक्रम अनुसार भेडामारे सिमलपानी बौरी चिदिचौर हुदै ढाव पावर विक्रम सडक स्तरोन्नती गर्ने कार्यको लागि रु ६२३२५११।१९ लागत अनुमान तयार भई मिति २०८०/१०/७ गते विद्युतिय खरिद प्रणाली र गौतमबुद्ध सन्देश राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन भई सवै भन्दा कम रकम कबोल गर्ने गोमा एण्ड देव निर्माण तथा ढुवानी सेवा प्रा.लि.टोखा न.पा. ९ काठमाण्डौंसँग मिति २०८१ साल जेष्ठ ३० गते सम्म कार्य सम्पन्न गर्ने गरी सम्झौता भएकोमा निर्माण कार्य गर्दै गर्दा व्यवसायी/संचालकले २०८१ जेष्ठ महिनाको अन्तिम अर्थात २० गते पछाडी विष सेवन गरी अस्पताल भर्ना भई आषाढको सुरु पहिलो हप्तामा मृत्यु भएको भन्ने केही व्यक्तिले फोन मार्फत र निजको नजिकको आफन्त भन्ने केही व्यक्ति कार्यालयमा आई मौखीक जानकारी गराउनुको साथै कामको अवस्थाको बारेमा समेत जानकारी लिएकोमा हाल सम्म उक्त विषयमा कार्यालयमा लिखित रुपमा सम्बन्धित फर्मको तर्फबाट वा नजिकको व्यक्तिबाट मृत्यु दर्ता लगायत फर्मका आवश्यक प्रमाण पुग्ने कागजात सहित गरेको कामको रकम माग गर्न, म्याद थप तथा बाँकी कार्य गर्न भनि कोही कसैबाट निवेदन प्राप्त भएको अवस्था नरहेको सन्दर्भमा हाल सडक ढलान कतै कतै मात्र बाटोको चौडाइको आधा हुँदा सडकमा समस्या आएकोले बाँकी कार्य छिटो गर्नु पर्ने भनि वडा अध्यक्ष लगायतबाट मौखिक सुझाव आईरहेको अवस्था छ । हाल

सम्म उक्त फर्मको तर्फबाट कोही कसैबाट मृत्यु भएको आधिकारीक प्रमाण सहित कामको लागि तथा भुक्तानी मागको लागि निवेदन पेश भएको अवस्था छैन । सार्वजनिक खरिद नियमावलीको नियम १२० मा भएको व्यवस्था बमोजिम कार्य सम्पन्न हुन नसक्ने अवस्था भएमा सम्पन्न गर्ने मिति भन्दा २१ दिन पहिले कार्यालयमा म्याद थपको लागि निवेदन दिनु पर्ने व्यवस्था रहेकोमा हाल सम्मै निवेदन दर्ता भएको अवस्था छैन । आधिकारीक कोही व्यक्ति सम्पर्कमा समेत नरहेको अवस्थाले कार्य अलपत्र हुँदा बाटो निर्माणमा समस्या भएकोले उक्त अवधिमा भएको कार्यको मुल्याङ्कन गरी अभिलेख राख्ने र बाँकी आधा भाग लगायतका अन्य कार्य समेत गर्ने प्रकृया अगाढी बढाउन उक्त सम्झौता अन्त्य गर्नु पर्ने अवस्था देखिएको र माथि उल्लेखित भनाई अनुसार उक्त फर्मको संचालकको मृत्यु भएको कोही आधिकारीक व्यक्ति सम्पर्कमा नआएकोले सार्वजनिक खरिद ऐन २०६४ को दफा ५९ को (घ) मा भएको व्यवस्था बमोजिम काबुबाहिरको परिस्थिति देखिएकोले हाल सम्म सम्पन्न भएको कामको अभिलेख राखी सम्झौताको अन्त्य गरी अधुरो रहेको कार्य समेत पुरा गर्ने गरी कार्य अगाडी बढाउन भनि कार्यालयबाट राय सहित पेश हुन आएकोले पेश भएबमोजिमको राय उपयुक्त भएको र हाल सम्म कत्तिपनि रकम भुक्तानी नभएको तर कार्य ३५ प्रतिशत भन्दा बढी भएको अवस्थामा कोही सम्पर्कमा नआएको संचालकको मृत्यु भई सकेको तथा कार्य अलपत्र हुँदा सो ठेक्काको कार्य गराउनु काबुबाहिरको परिस्थिति भएकोले उक्त ठेक्का सम्झौता अन्त्य गरी अधुरो कार्य अगाढी बढाउने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा विभिन्न कारणले मृत्यु भएको तर घरको आर्थिक अवस्था कमजोर भएको र ठूलो दुर्घटन तथा घातक रोग लागी औषधी उपचार गर्न रकम अभाव भएको समेतका कारण देखाई आर्थिक सहायता माग गरी निवेदन पेश भएकोमा आजको बैठकमा छलफल भयो । पेश भएका निवेदन अनुसार तपशिलका व्यक्तिहरुलाई निम्न बमोजिमको रकम आर्थिक सहायता दिने निर्णय गरियो ।

**तपशिल**

(क) शिनपा ११ निवासी बेली सार्की (क्यानसर उपचार) सहयोग रु २५०००।-

(ख) शिनपा १३ पारेश्वर थापा क्षेत्री (पहिरोमा परी छोरा विष्णु बहादुर थापाको मृत्यु) सहयोग रु २५०००।-

(ग) शिनपा ७ सुजता भाट क्षेत्री (पहिरोमा परी श्रीमान मान बहादुर खाम्चाको मृत्यु) सहयोग रु २५०००।-

(घ) शिनपा ४ वडा सदस्य नारायण सुनार मोटर साईकल दुर्घटना उपचार सहयोग रु २५०००।-

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. १३० मिति २०८१/८/७ गतेको पत्रसाथ प्राप्त प्राप्त अख्तियार दुरुपयोग अनुसन्धान आयोग टंगाल काठमाण्डौंको सरकारी भवनहरु खुल्ला रुपमा प्रतिष्प्रधाको माध्यमबाट गराउने समेतको व्यहोराको पत्रका सन्दर्भमा छलफल भयो । उक्त पत्रहरुमा उल्लेख भएबमोजिमका सुझावहरु आगामी दिनमा कार्यान्वनय गर्दै जाने निर्णय गरियो ।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल चालु आ.व.मा नगरपालिकाबाट कार्यान्वन गर्ने गरी संघीय सरकार, प्रदेश सरकार तथा यस नगरपालिकाबाट बजेट विनियोजन भएका तपशिलका योजनाहरुमा गर्नु पर्ने कार्य धेरै भएकोले योजना कार्यान्वयन गर्दा विनियोजित रकममा तपशिल बमोजिमको रकम श्रोत सुनिश्चितता गरी सो रकम समेतको लागत अनुमान तयार गरी इविड प्रकृया मार्फत ठेक्का व्यवस्थापन गर्ने निर्णय गरियो ।

*तपशिल*

१. डिवि थापा स्मृती पार्क निर्माण शिनपा १४ अ.खा. रु ७०००००।-

२. डमरुदह सँगै सहिद पार्क तथा बाल उद्ययन निर्माण शिनपा ४ ठाडा अर्घाखाँची रु १८०००००।-

३. खमारी दुर्गा मन्दिर एवं पर्यटकीय पूर्वाधार निर्माण शिनपा ६ रु २०००००।-

४. सिमलपानी छेडा पर्यटकीय पूर्वाधार निर्माण कार्य शितगंगा नं.पा. १० अ.खा.(वडा नं. १० लाई संसोधन गरी १३ कायम गरिएको) रु ५०००००।-

५. अर्घाखाँची जिल्ला शितगंगा ६ र ७ पतञ्जली मार्ग देउराली चिसापानी कल्लेरी खण्ड सडक स्तरोन्नती रु १००००००।- (कालोपत्रे गर्ने)

६. अर्घाखाँची जिल्ला शितगंगा न.पा. १४ हलेन ढुगां देखि कटसे खोला हुदै ढाव जाने मोटर बाटो स्तरोन्नती रु १००००००।-

७. अर्घाखाँची जिल्ला शितगंगा न.पा. वडा नं. १ ठाडा डमरुदह परिसरमा पूर्वाधार निर्माण (वडा नं. १ लाई संसोधन गरी शिनपा ३ कायम गरिएको ) रु १००००००।-

८. साना सिंचाई पूर्वाधार निर्माण तल्ला ढाव सिंचाई कुलो निर्माण वडा नं. १४ रु २५०००0।-

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा बैठकमा आएका प्रस्तावहरु माथि छलफल भई तपशिल बमोजिम गर्ने निर्णय गरियो ।

**तपशिल**

(क) चालु आ.व.शिनपा ४ वि पी स्मृती अधुरो भवन र वडा कार्यालय अधुरो भवन निर्माणको ढलान गर्ने कार्यको लागत अनुमान अनुसार रकम नपुग भएकोले रु ११५०००।- रकम विनियोजन गर्ने ।

(ख) डोहोटे अस्थायी प्रहरी चौकी व्यवस्थापनको लागि रु १५००००।- रकम विनियोजन गर्ने ।

(ग) योजना सम्झौताको समयावधि थप गरी २०८१ माघ मसान्त कायम गर्ने ।

(घ) नगर कार्यपालिकाको मिति २०७४/१०/२८ गतेको निर्णयबाट कर्मचारीलाई दिईदै आएको संचार सुविधा, मिति २०७९/३/३२ को कार्यपालिका बैठकबाट वडाहरुलाई वार्षिक रुपमा दिने संचालन खर्च र मिति २०७९/९/२६ को कार्यपालिका बैठकबाट गठन भएको अनुगमन समिति र अनुगमन सम्बन्धी निर्णयलाई अर्को निर्णय नभए सम्मको लागि निरन्तरता दिने ।

(ङ) वडा नं. १ को चन्द्र बहादुर थापा लाई र वडा नं. १२ को छमकला कामी लाई एक/एक थान हुईल चेयर खरिद गरी दिने ।

(च) चालु आ.व.मा न.पा. तर्फ तारा तेज मिन लिला सहिद स्मृती भलिवल प्रतियोगित भनि रु १ लाख रकम विनियोजन भएकोमा उक्त रकमबाट सुवर्णखालमा खेल संचालन गर्ने र उक्त खेल संचालनको लागि अध्यक्ष शालिकराम पोखेल, कोषाध्यक्ष बसन्ता पोखेल, सचिव विमला बेल्वासे, सदस्य सावित्रादेवी वेल्वासे, सदस्य राधा पोखेल वेल्वासे, सदस्य पुस्कर पोखेल, सदस्य हिम्मत पोखेल रहेको समिति गठन गर्ने ।

आजको बैठक सर्वसम्मत निर्णय गर्दै सम्पन गरियो ।